नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा, पश्चिम
योजना तथा प्राविधिक सेवा विभाग
दरवारमार्ग, काठमाडौं

बागलुङ्ग जिल्ला स्थित २०० कि.वा. क्षमताको बागलुङ्ग साना जल विद्युत केन्द्र लीजमा दिने प्रस्ताव

प्रस्ताव बुझाउने अन्तिम मिति :२०६९।०२।१०, १२:०० बजे सम्म

प्रस्ताव खोल्ने मिति :२०६९।०२।१०, ०२:०० बजे

२०६९

बागलुङ्ग साना जल विद्युत केन्द्र लीजमा दिने पूनः प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०६९।०१।२०)

कम्पनी ऐन/संस्था दर्ता ऐन/सहकारी ऐन वमोजिम दर्ता भएका संस्थाहरुवाट २०० कि.वा. क्षमताको बागलुङ्ग सा.ज.बि. केन्द्र लीजमा लिन प्रस्ताव माग गरिएको छ ।

प्रस्ताव फाराम यस विभागबाट ज्योति विकास बैंक, असन शाखा, च.हि.नं. ००७०००००११२०१ वितरण तथा ग्राहक सेवा, पश्चिमको नाममा रु. १,०००।- (अक्षरेपी एक हजार मात्र फिर्ता नहुने गरी) जम्मा गरेको भौचर पेश गरी यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन सम्म खरीद गर्न सकिनेछ । २२ (बाईस) औं दिन दिनको १२.०० बजेसम्म बोलपत्रदाताले सिलवन्दी गरी यस विभागमा दर्ता गर्नु पर्नेछ । सोही दिनको २.०० बजे पेश हुन आएका प्रस्तावहरु प्रस्तावकर्ता वा निजका प्रतिनिधीहरुको रोहवरमा (निज उपस्थित नभएपनि) खोलिनेछ । उक्त दिन बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन उपरोक्त समयमा बुझ्ने र खोल्ने कार्य हुनेछ ।

प्रस्ताव साथ जमानत रकम वापत रु ५०,०००।- (अक्षरेपी पँचास हजार मात्र) ज्योति विकास बैंक असन शाखा, च.हि.नं. ००७०००००११२०१ वितरण तथा ग्राहक सेवा, पश्चिमको नाममा जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ ।

समय नाघी आएको वा रीत नपुगेको प्रस्तावमाथि कुनै कारवाही हुने छैन ।

अन्य जानकारीको लागि यस योजना तथा प्राविधिक सेवा विभाग, वि.ग्रा.से., पश्चिममा सम्पर्क राख्न सकिनेछ ।

यस सूचना तथा प्रस्तावको विद्युतीय प्रति (E-copy) NEA को website www.nea.org.np मा पनि हेर्न सकिनेछ ।

कुनैपनि प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार नेपाल विद्युत प्राधिकरणमा सुरक्षित रहनेछ ।

योजना तथा प्राविधिक सेवा विभाग,

वितरण तथा ग्राहक सेवा, पश्चिम,

नेपाल विद्युत प्राधिकरण, दरवारमार्ग, काठमाडौं :-

फोन नं. ०१-४१५३१६०

फ्याक्स नं. ०१-४१५३१५९

प्रस्ताव फाराम

श्रीमान् निर्देशकज्यू,
योजना तथा प्राविधिक सेवा विभाग,
वि.ग्रा.से., पश्चिम, ने.वि.प्रा.।

१. हामीले प्रस्तावमा उल्लेखित बागलुङ्ग सा.ज.वि.केन्द्रको स्थलगत निरीक्षण गरी वास्तविक स्थितिको विस्तृत अध्ययन गरी लीजका शर्तहरुको अधिनमा रही उक्त केन्द्र र सो संग सम्वन्धित प्रसारण प्रणाली तथा सम्पत्ती जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लीजमा लिने प्रयोजनको लागि प्रस्तावकर्ताको "प्राविधिकको लागि तोकिएको आधार र पेश गर्नुपर्ने विवरणहरु" अनुसार आवश्यक निम्न पानाहरु यसै साथ संलग्न गरेका छौं । (Terms of Refrence को बुँदा नं. १३ संग सम्वन्धीत)

१.१	अनिवार्य योग्यता	क)	पाना संख्या : .....
		ख)	पाना संख्या : .....
१.२	आर्थिक क्षमता	क)	पाना संख्या : .....
१.३	प्रस्तावित बार्षीक संचालन खर्च	. . . . . :	रु. .....
१.४	जनशक्ति विवरण	क)	पाना संख्या : .....
		ख)	पाना संख्या : .....
१.५	अनूभव	क)	पाना संख्या : .....
१.६	केन्द्र सञ्चालनको लागि प्रस्तावित प्रतिवेदन	क)	पानासंख्या:.....
१.७	सार्वजनिक संस्थासित सम्बन्धित विवरण	क)	पानासंख्या:.....

२. हामीले सुचनामा उल्लेख भए बमोजिमको जमानत रकम वापत रु. ..... (अक्षरेपी रु. .....मात्र) ज्योति विकास बैंक असन शाखा, च.हि.नं. ००७००००११२०१ वितरण तथा ग्राहक सेवा, पश्चिमको नाउँमा जम्मा गरी सो को सक्कल बैंक भौचर यसै साथ पेश गरेका छौं ।

३. यदि हाम्रो प्रस्ताव स्वीकृत भएमा हामिले २०० कि.वा. क्षमताको बागुलुङ्ग सा.ज.वि.केन्द्र संचालन गरि उत्पादित विद्युत ने.वि.प्रा.लाई लीज करारका शर्तहरुको अधिनमा रहि तपशिल वमोजिमको उर्जा दररेटमा विक्रि गर्न मन्जुर गरेका छौं ।

उत्पादित विद्युत उर्जाको प्रति युनिट रु ..... (अक्षरेपि .....)

४. यदि हाम्रो प्रस्ताव स्वीकृत भएमा हामिले त्यस कार्यालयको आदेश प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रस्ताव गरेको केन्द्रको जडित क्षमताको प्रति कि.वा. रु १५००। का दरले हुन आउने रकम रु ३,००,०००। (अक्षरेपि तीन लाख मात्र) १ वर्ष अवधि भएको ने.वि.प्रा, योजना तथा प्राविधिक सेवा विभाग, वि.ग्रा.से., पश्चिमको नाममा जारी गरेको वैंक ग्यारेण्टी पत्र र कम्पनी दर्ता गरेको प्रवन्ध पत्रको प्रतिलिपी साथमा राखि सम्झौता गर्ने छौं । उक्त अवधि भित्र सम्झौता गर्न नआएमा हामिले राखेको जमानत वापतको रकम (अर्नेष्टमनी) जफत हुने कुरा हामिले बुझेका छौं ।

५. यो प्रस्ताव त्यस कार्यालयमा वुझाएको मितिले ६ महिना सम्म वहाल रहनेछ ।

६. विनाकारण जनाई आंशिक वा पुरै प्रस्ताव स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार त्यस कार्यालयमा सुरक्षित रहेको कुरा वुझेका छौं ।

प्रस्तावकर्ता

पुरा नाम:
कम्पनीको नाम
स्थायी ठेगाना:
पत्राचारको ठेगाना, फोन/ मोवाइल नं :
छाप :

हस्ताक्षर :
मिति:

प्राविधिक प्रस्ताव

क) लीज प्रस्तावकको प्राविधिक अनुभव

ख) कर्मचारीहरुको व्यवस्थापन र प्राविधिक अनुभवको वायोडाटा

ग) कार्यालय तथा पावर हाउस संचालन सम्वन्धी अनुभव प्रस्ताव :

नोट : उल्लेखित विवरण समावेश गरी प्राविधिक प्रस्ताव तयार गर्नु पर्नेछ ।

प्रस्ताव पेश गर्ने बारे निर्देशन (Terms of Reference)

नेपाल विद्युत प्राधिकरण, योजना तथा प्राविधिक सेवा विभाग, वि.ग्रा.से., पश्चिम अर्न्तगत संचालित बागलुङ्ग जिल्ला स्थित २०० कि.वा. क्षमताको बागलुङ्ग सा.ज.वि. केन्द्र तथा सो संग सम्वन्धीत प्रसारण प्रणाली सम्पत्ती कुनै संस्था वा उपभोक्तालाई लीजमा दिने क्रममा प्रतिस्पर्धात्मक प्रस्ताव पेश गर्नको लागि यो प्रस्ताव आव्हान गरिएको छ । यो प्रस्ताव सम्वन्धी निम्न विवरणहरु प्रस्तावकको जानकारीमा हुनु आवश्यक देखिएकोले सवै प्रस्तावकहरुले तल उल्लेख गरिएको बुँदाहरु र यस प्रस्तावमा समावेश भएको सम्पुर्ण शर्तहरु राम्रोसंग अध्ययन गरी यो प्रस्ताव भर्न अनुरोध गरिन्छ । प्रस्तावकले प्राविधिक तथा अन्य सवै कागजातहरु सहितको प्रस्ताव सिलवन्दी खाममा पेश गर्नु अनिवार्य छ । प्रस्तावमा आवश्यक विवरणहरु भर्नको लागि छुट्टै आधारहरु उपलव्ध गराइएको छ ।

१. ***भाषा:***

प्रस्तावको भाषा नेपाली भाषा हुनु पर्नेछ ।

२. ***प्रस्तावको आधार :***

यो प्रस्ताव दिने वारेको निर्देशन, लीजका शर्तहरु तथा निम्न कागजातहरु बोलपत्रको अंग मानिने छन् ।

क) प्राविधिक प्रस्ताव योग्यता निर्धारण ।

ख) प्रस्ताव फाराम ।

ग) लीजको करारका शर्तहरु ।

घ) प्रस्तावित वार्षिक आय व्ययको विस्तृत विवरण ।

ङ) प्रस्ताव सम्वन्धी अन्य आधिकारिक लेखपत्र भएका कागजातहरु ।

३. ***कार्य विवरण :***

प्रस्तुत प्रस्ताव अर्न्तगत लीजमा लिन सफल प्रस्तावकले केन्द्रले चर्चेको जमीन, विद्युत गृह, प्रसारण /प्रणाली, सिभिल संरचनाहरु र भवनहरु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बुझी लीज अवधिभर सो केन्द्रको सुचारु रुपले संचालन, मर्मत संभार तथा संरक्षण गरी ने.वि.प्रा.लाई विद्युत उपलव्ध गराउने उद्देश्य हुनु पर्नेछ ।

४. ***स्थलगत निरीक्षण :***

प्रस्तावकले आफ्नो प्रस्तावमा उल्लेख भएका लीजका करारका शर्तहरु राम्ररी अध्ययन गर्नुका साथै उक्त केन्द्रमा रहेका क्षेत्रको स्थलगत निरीक्षण गरी वास्तविक स्थिति बुझी प्रस्ताव पेश गर्नु पर्नेछ ।

५. ***उर्जा खरिद :***

प्रस्तावकले २०० कि.वा.को बागलुङ्ग सा.ज.वि.केन्द्र लीजमा लिए वापत ने.वि.प्रा.लाई सो विद्युत केन्द्रवाट उत्पादन हुने विद्युत प्रति युनिट रु ३/१६ दररेट भन्दा वढी नहुने गरी विक्रि गर्न प्रस्ताव फाराममा अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । साथै अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६. ***प्रस्तावित वार्षिक आयव्ययको विस्तृत विवरण***

प्रस्तावकले प्रस्तावित वार्षिक आय व्ययको विस्तृत विवरण पेश गर्नु पर्नेछ ।

प्रस्तावित वार्षिक संचालन संभार खर्चको वजेट :

क्र.सं	**वजेट शीर्षक**	**रकम रु**
१	कर्मचारी तलव भत्ता तथा सुविधाहरु	
२	जिन्सी तथा सेवा	
३	प्रशासकीय खर्च	
४	प्रसारण, पणालि मर्मत	
५	प्लाण्ट मर्मत	
६	सिभिल मर्मत	
७	विविध	
	जम्मा	

नोटः उपरोक्त प्रत्येक वजेट शीर्षकहरुको विस्तृत विवरण छुट्टै पानामा संलग्न गर्नु पर्नेछ ।

क) कर्मचारी तलव भत्ता तथा सुविधाहरु भन्नाले तलव, भत्ता ओभरटाईम, कर्मचारी वीमा, कर्मचारी कल्याण, औषधी खर्च, संचयकोषमा अनुदान, विदाको तलव, तथा अन्य कर्मचारी सुविधाहरु भन्ने बुझिन्छ ।

ख) जिन्सी तथा सेवा भन्नाले सानातिना ज्यावलहरु, पानी दस्तुर, परामर्श सेवा तथा अन्य सेवाहरु भन्ने बुझिन्छ ।

ग) प्रशासकीय खर्च भन्नाले घरभाडा, हुलाक तथा टेलिफोन, लेखा परीक्षण शुल्क, दैनिक भ्रमण खर्च, छपाई तथा मसलन्द, पुस्तक पत्रिका, विज्ञापन, संचालक, बैक शुल्क, व्याज, कर र विविध खर्च भन्ने बुझिन्छ ।

घ) प्रसारण, प्रणाली मर्मत खर्च भन्नाले ट्रान्सफरमर मर्मत, ट्रान्सफरमर तेल, लाइन सम्वन्धी सामाग्रीहरुको खर्च तथा मर्मत कार्य भन्ने बुझिन्छ ।

ङ) प्लाण्ट मर्मत भन्नाले पावर हाउसमा प्रयोग हुने इलेक्ट्रो-मेकानिकल उपकरण सम्वन्धी हुने मर्मत संभार खर्च भन्ने बुझिन्छ ।

च) सिभिल मर्मत भन्नाले पावर हाउस, पोखरी, नहर, इण्टेक, अफिस भवन सम्वन्धी सम्पुर्ण सिभिल मर्मत कार्यको खर्च भन्ने बुझिन्छ ।

७. ***प्रस्तावका शर्तहरु :***

यो प्रस्ताव अन्तर्गत पालना गर्नु पर्ने कार्यको विवरण अन्य शर्तहरु यस साथ संलग्न गरिएको लीजको करारका शर्तहरु बमोजिम हुने छन् । साथै यो प्रस्ताव पेश गर्ने सिलसिलामा भए गरेका कुनै पनि खर्चहरु नेपाल विद्युत प्राधिकरणले व्यहोर्ने छैन ।

८. ***प्रस्ताव दाखिला गर्ने :***

क) प्रस्तावकर्ताले प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुपर्ने छ ।

ख) प्रस्तावकर्ताले प्रस्तावको हरेक पानामा दस्तखत छाप लगाउनु पर्नेछ ।

ग) प्रस्तावकर्ताले प्रस्ताव पेश गर्दा राम्ररी लाहाछाप बन्द गरी खामवाहिर "बागलुङ्ग सा.ज.वि.केन्द्र लीजमा लिने बारेको प्रस्ताव" लेख्नु पर्नेछ ।

घ) प्रस्ताव पेश गर्दा श्रीमान निर्देशकज्यू, योजना तथा प्राविधिक सेवा विभाग, वि.ग्रा.से., पश्चिम, नेपाल विद्युत प्राधिकरणको नाममा सम्बोधन गर्नु पर्ने छ ।

ङ) प्रस्ताव खाम बाहिर कुनै कागजपत्र राखी प्रस्ताव पेश गरेमा मान्यता दिइने छैन ।

९. ***प्रस्ताव दाखिला गर्नुपर्ने स्थान :***

प्रस्तावकर्ताले प्रस्तावमा उल्लेख भएका सम्पुर्ण दफाहरु अनुसार बोलपत्र भरी तोकिएको म्यादभित्र तोकिएको स्थानमा दर्ता गराउनु पर्नेछ ।

१०. ***प्रस्ताव दाखिला गर्ने र खोल्ने :***

गोरखापत्रमा प्रकाशित सूचनाको आधारमा प्रस्तावहरु उक्त सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र खरिद गर्न सक्नेछ । २२ औ दिन दिनको १२:०० बजेसम्म सिलवन्दी प्रस्ताव पेश गर्नुपर्नेछ । सोही दिन, दिनको २:०० बजे प्रस्तावकहरुको वा निजको आधिकारिक प्रतिनिधीहरुको रोहवरमा (निजहरु मध्ये कोही नभए पनि) प्रस्ताव खोलिनेछ । तर प्रस्ताव दालिखा गर्ने वा खोलिने दिन बिदा परेमा सो को लगत्तै पछि कार्यालय खुलेको दिनमा उपरोक्त अनुसार नै प्रस्ताव दाखिला र खोल्ने काम हुनेछ ।

११. ***प्रस्ताव अस्वीकृत हुने अवस्था :***

क) कार्यालयबाट प्राप्त सक्कल प्रस्ताव दाखिला नगरेमा ।

ख) प्रस्ताव खरिद र दाखिला गर्ने फर्म वा व्यक्ति एउटै नभएमा ।

ग) प्रस्ताव दाखिला गर्ने मिति र समय भित्र प्रस्ताव दाखिला नभएमा ।

घ) प्राविधिक र आर्थिक प्रस्ताव पेश नगरेमा ।

ङ) प्रस्ताव राम्रो संग लाहाछाप सिलवन्दी नभएमा ।

च) प्रस्तावको प्रत्येक पानाहरुमा सहीछाप नभएमा ।

छ) तार वा हुलाकबाट प्रस्ताव दाखिला हुन आएमा ।

ज) ने.वि.प्रा.लाई अमान्य हुने कुनै शर्त उल्लेख भएमा ।

१२ ***प्रस्ताव स्वीकृति:***

क) बिनाकारण जनाई कुनै पनि प्रस्ताव स्वीकृति गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नेपाल विद्युत प्राधिकरणमा सुरक्षित रहने छ ।

ख) प्राप्त हुन आएका प्रस्तावहरु यसै प्रस्तावमा उल्लेख गरिएका "प्रस्ताव मुल्याङ्कन गर्ने आधारहरु" को अधिनमा रहि प्रस्ताव मुल्याङ्कन गरिनेछ ।

१३. प्रस्ताव मूल्याङ्कन :

प्राप्त प्रस्तावहरु तोकिएका आधारहरु अनुसार मूल्याङ्कन गरिनेछ । मूल्याङ्कन गर्दा सक्षम भएका प्रस्ताबकर्तालाई मात्र सम्झौताको लागी बोलाईनेछ ।

प्रस्तावकर्ताको योग्यता निर्धारणको लागि तोकिएका आधार र पेश गर्नुपर्ने बिवरणहरु :

१. अनिवार्य योग्यता :

क) लीज प्रस्तावकले विद्युत उर्जाको दररेट रु ३/१६ प्रति कि.वा.घण्टा भन्दा वढि हुने गरि प्रस्ताव गर्न पाउने छैन ।

✵ यस महलको प्रयोजनको लागि प्रस्तावकर्ताले विद्युत उर्जाको दररेट रु ३/१६ प्रति कि.वा.घण्टा भन्दा वढि नहुने गरि प्रस्ताव गर्नु पर्नेछ ।

ख) लीजमा लिन चाहने व्यक्ति वा संस्थासित स्थायी रुपले काम गरेको वा गर्न सक्ने साना जल विद्युत सम्बन्धी २ बर्षको अनुभव भएको ईन्जिनीयर वा ५ बर्षको अनुभव भएको ओभरसियर अनिवार्य रुपले हुनु पर्नेछ ।

✵ यस महलको प्रयोजनको लागि प्रस्तावकर्ताले लिन चाहेको ईञ्जिनीयर वा ओभरसियरको नाम, उमेर, ठेगाना, निजको योग्यता र अनुभव सम्बन्धी प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र निजले काम गर्न सहमत भएको पत्र पेश गर्नु पर्नेछ । (ईलेक्ट्रिकल वा मेकानिकल प्राविधिक मात्र मान्य हुनेछन् ।)

२. आर्थिक क्षमता :

प्रस्तावकर्तासित आफुले प्रस्ताव गरेको वार्षिक सञ्चालन संभार खर्चको २०% (बीस) प्रतिशत रकम बराबरको चालु पूंजी हुनु पर्नेछ ।

❋ यस महलको प्रयोजनको लागि प्रस्तावकर्ताले उल्लेख गरेको कुल वार्षिक संचालन संभार खर्च उल्लेख गरि सो को कम्तिमा २०% (बीस) प्रतिशत रकम बराबरको चालु पूंजी भएको प्रमाण संलग्न गर्नु पर्नेछ ।

जनशक्ति विवरण :

क) प्रस्तावकर्ता सित महल (१. ख) मा तोकिएको कर्मचारी बाहेक न्युनतम ३ (तीन) जना जल विद्युत सञ्चालन गर्न घटीमा २ बर्ष अनुभव भएका अपरेटरहरु हुनु पर्नेछ ।

❋ यस महलको प्रयोजनको लागि प्रस्तावकर्ताले प्रस्तावित अपरेटरहरुको नाम, उमेर, ठेगाना, निजको योग्यता र अनुभव सम्बन्धी प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निजहरुले लीजमा लिने व्यक्ति वा संस्थासित काम गर्न मञ्जुर भएको सहमती पत्र पेश गर्नुपर्नेछ ।

ख) प्रस्तावकर्ताले केन्द्र सञ्चालन गर्न प्रस्ताव गरिएका कर्मचारी विवरण, निजहरुको योग्यता सम्बन्धी विवरणहरु पेश गर्नुपर्नेछ ।

❋ यस महलको प्रयोजनका लागि प्रस्तावकर्ताले प्रस्तावित संगठन तालिका, कर्मचारीको पद, संख्या र कार्य विवरणहरु पेश गर्नुपर्नेछ ।

३. **अनुभव :**

प्रस्तावकर्ताले आफुले सञ्चालन गरेको विद्युत उत्पादन, प्रशारण वा वितरण सम्बन्धी कार्य वा विद्युतबाट सञ्चालित कुनै उद्योग वा अन्य कुनै प्रकारको संस्था सञ्चालन गरेको अनुभव पेश गर्नुपर्नेछ ।

❋ यस महलको प्रयोजनको लागि प्रस्तावकर्ताले संस्था दर्ता गरेको वा आफुले पाएको अनुमती पत्रको प्रमाणित प्रतिलिपि र उक्त संस्था सञ्चालन गरेको अनुभव देखिने प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु (उदाहरणतः कुनै उद्योग सञ्चालन गरेको भए वार्षिक नविकरण गरेको प्रमाण) पेश गर्नुपर्नेछ ।

४. **केन्द्र सञ्चालनको प्रस्तावित प्रतिवेदन :**

प्रस्तावकर्ताले आफुले केन्द्र लीजमा लिएपछि सञ्चालन गर्न अपनाईने व्यवस्थापनका आधारहरु, जस्तैः संगठन, कर्मचारी व्यवस्थापन, लगानी र प्रतिफलका आधारहरु, सञ्चालन तथा संभार गर्न अपनाइने कार्यविधी, प्रशासन, लेखा, परीक्षण सम्बन्धी नीति तथा संस्थाको क्रमिक विकासको लागि प्रस्तावित योजनाहरु बारे प्रतिवेदन पेश गर्नुपर्नेछ ।

❋ यस महलको प्रयोजनको लागि प्रस्तावकर्ताले माथि उल्लेखित सवै बुँदाहरु प्रष्ट खुल्ने प्रतिवेदन पेश गर्नुपर्नेछ ।

५. **सार्वजनिक संस्थासित सम्बन्धित :**

प्रस्तावकर्ता सार्वजनिक संस्था भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्नेछ ।

❋ यस महलको प्रयोजनको लागि सार्वजनिक संस्था भएको प्रमाण पेश गर्नु पर्नेछ ।

प्रस्ताव मूल्याङ्कन गर्ने आधारहरु :-

१. **अस्वीकृत हुने :**

महल (१ क र ख) मा तोकिएको अनिवार्य योग्यता नपुग भएका प्रस्तावहरु स्वीकृत गरिने छैनन् ।

२. **मुल्याङ्कन प्रक्रिया :**

मुल्याङ्कन प्रक्रिया र विभिन्न महलमा तोकिएको पुर्णाङ्क निम्नानुसार विभाजित गरी कुल पुर्णाङ्क १०० हुनेछ । कुल ६० अंक प्राप्त गर्ने प्रस्तावकर्ता सक्षम मानिनेछ ।

२.१ **आर्थिक क्षमता :**

यस महल अन्तर्गत पुर्णाङ्क १० हुनेछ । तोकिएको आधार पुगेमा पुरा अङ्क र घटी भएमा समानुपातिक अङ्क प्रदान गरिनेछ ।

२.२ **जनशक्ति विवरण :**

महल (क) मा पुर्णाङ्क १५ र महल (ख) मा पुर्णाङ्क १० गरी यस महलमा कुल पुर्णाङ्क २५ हुनेछ । (क) मा तोकिएको आधार पुगेमा पुरा अङ्क र घटी भएमा समानुपातिक अङ्क प्रदान गरिनेछ । (ख) मा आवश्यक जनशक्तिको आधार सन्तोषजनक भएमा पुरा अङ्क र कम भएमा समानुपातिक अङ्क प्रदान गरिनेछ ।

२.३ **अनुभव :**

यस महलको पुर्णाङ्क २५ हुनेछ । विद्युत उत्पादन, प्रशारण तथा वितरण सम्बन्धी सन्तोषजनक अनुभवको लागि पुरा अङ्क र सन्तोषजनक भन्दा कम भएमा समानुपातिक अङ्क प्रदान गरिने छ । उल्लेखित अनुभव नभई विद्युत सञ्चालित उद्योग सञ्चालनको अनुभव पेश गरेमा पनि समानुपातिक अङ्क प्रदान गरिनेछ ।

२.४ **केन्द्र सञ्चालनको प्रस्तावित प्रतिवेदन :**

यस महलको पुर्णाङ्क १५ हुनेछ । केन्द्र सञ्चालन गर्न पेश गरिएको प्रतिवेदन सन्तोषजनक देखिएमा पुरा अङ्क र घटी भएमा समानुपातिक अङ्क प्रदान गरिनेछ ।

२.५ **विद्युत उर्जा दररेट:**

यस महलको पुर्णाङ्क २५ हुनेछ । विद्युत उर्जाको दररेट रु ३/१६ प्रति कि.वा. घण्टा प्रस्ताव गर्नेलाई १२ अंक र सो भन्दा कम प्रस्ताव गर्नेलाई समानुपातिक रुपमा वढी अंक प्रदान गरिनेछ ।

२.६ संक्षम पस्तावकर्ताहरु मध्ये न्युनतम दररेट कवोल गर्ने प्रस्ताव कर्तालाई सम्झौताको लागि बोलाईने छ ।

१४ ***सम्झौता गर्ने बारेको सूचना :***

प्रस्ताव स्वीकृत भै सकेपछि सम्वन्धीत प्रस्तावकर्तालाई १५ (पन्ध्र) दिन भित्र जडित क्षमताको प्रति कि.वा. रु १५००।- का दरले हुन आउने रकम रु ३,००,०००।- (अक्षरेपी तिन लाख मात्र) १ वर्ष अवधि भएको ने.वि.प्रा., वि.ग्रा.से., पश्चिमको नाममा जारी गरेको बैंक ग्यारेण्टी पत्र र कम्पनी दर्ता गरेको प्रवन्ध पत्रको प्रतिलिपी साथमा लिई सम्झौताको लागि उपस्थित हुनु पर्नेछ । यदि तोकिएको अवधि भित्र सम्झौताको लागि उपस्थित नभएको खण्डमा निजको जमानत वापतको रकम जफत गरी प्रस्ताव खारेज गरिने छ । यस्तो अवस्था आएमा क्रमानुसारको दोश्रो हुने प्रस्तावकर्तासंग वार्ता गरी माथि उल्लेख गरिए अनुसार सम्झौता गरिनेछ । यदि दोश्रोसंग पनि सम्झौता हुन नसकेमा क्रमानुसारको तेश्रोसंग वार्ता गरी सम्झौता गरिने छ ।

लीजका शर्तहरु

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ वमोजिम स्थापना भएको नेपाल विद्युत प्राधिकरण (यसपछि यस सम्झौतामा प्राधिकरण भनिएको) र ..... कार्यालय ..... मा (कम्पनी ऐन, २०५३/संस्था दर्ता ऐन ..... / सहकारी ऐन, ०४८) बमोजिम द.नं. ..... मा दर्ता भई स्थापना भएको ..... (यस पछि यस सम्झौतामा संस्था भनिएको) समेत दुई पक्ष वीचमा बागलुङ्ग जिल्ला .....गा.वि.स./न.पा. .....वडा नं. स्थित ..... खोलावाट २०० कि.वा.जडिट क्षमताको बागलुङ्ग साना जल विद्युत केन्द्र लीजमा सञ्चालन गर्ने/गराउने सम्वन्धमा छलफल भै करार ऐन, २०५६ वमोजिम तपसिलका शर्त वन्देजका अधीनमा रही दुवै पक्षको पारस्परिक मञ्जुरी र आपसी सहमति अनुसार यो सम्झौता तयार गरी एक/एक प्रति लियौं/दियौं ।

१) परिभाषा र व्याख्या :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतामा :-

क) "प्राधिकरण" भन्नाले नेपाल विद्युत प्राधिकरण ऐन २०४१ वमोजिम स्थापना भएको नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

ख) "संस्था भन्नाले कम्पनी ऐन २०५३/संस्था दर्ता ऐन ..... / सहकारी ऐन, ०४८ वा अन्य प्रचलित नेपाल कानून वमोजिम ..... कार्यालय, ... जिल्लामा द.नं. ..... मा दर्ता भई सम्वन्धीत निकायवाट कारोवार गर्न स्वीकृत प्राप्त भएको ..... लाई सम्झनु पर्दछ ।

ग) "विद्युत केन्द्र" वा "पावर हाउस" भन्नाले बागलुङ्ग जिल्ला ..... गा.वि.स./न.पा. ..... वडा नं. स्थित ..... खोलावाट २०० कि.वा. जडिट क्षमताको बागलुङ्ग साना जल विद्युत केन्द्र सम्झनु पर्दछ र सो शब्दले विद्युत केन्द्रमा जडिट टर्वाइन, जेनेरेटर, ट्रान्सफरमर तथा अन्य उपकरणहरु लगायत सिभिल संरचनाहरु, जग्गा जमिन र भवनहरुलाई समेत जनाउछ ।

घ) "प्रशारण लाईन" भन्नाले बागलुङ्ग सा.ज.वि.केन्द्रवाट उत्पादन हुने विद्युत केन्द्रीय प्रशारण लाईनमा आवद्ध गर्ने प्रयोजनको लागी निर्माण गरिएको विद्युतको लाईन (विद्युत केन्द्र देखि Interconnection Point सम्म) लाई सम्झनु पर्दछ ।

ङ) Interconnection Point भन्नाले सि.टि./पि.टि. मिटरिङ्ग युनिट सहित इनर्जी मिटर रहेको प्राधिकरणको विद्युत प्रणालिको विन्दुलाई जनाउँदछ ।

च) "सम्झौता" भन्नाले यस सम्झौता र यस सम्झौतामा उल्लेख गरिएको अनुसूचीहरु समेतलाई जनाउँदछ ।

छ) "कर्मचारी" भन्नाले संस्थाले आफ्नो उद्देश्य पूर्तिका लागी नियुक्ति गरेको कर्मचारीलाई सम्झनु पर्दछ ।

ज) "उद्देश्य" भन्नाले बागलुङ्ग सा.ज.वि.केन्द्रको सम्पूर्ण उपकरण तथा संरचनाहरु संचालन गरी विद्युत उत्पादन गर्ने, पुनः निर्माण गर्ने, संभार गर्ने तथा उत्पादित विद्युतलाई राष्ट्रिय प्रशारण लाईनमा आवद्ध गर्ने समेतका कार्यलाई सम्झनु पर्दछ ।

झ) "दैवी प्रकोप वा कावु वाहिरका परिस्थिति" भन्नाले खडेरी, भुकम्प, आगलागी, ज्वालामुखी, विस्फोट, वाढी, पहिरो, महामारी, द्वन्द, विद्रोह, क्रान्ती, विध्वंसात्मक कार्यलाई सम्झनु पर्दछ ।

ञ) "विभाग" भन्नाले प्राधिकरण अर्न्तगतको महाप्रवन्धकको कार्यालय वितरण तथा ग्राहक सेवा, पश्चिम मातहतको योजना तथा प्राविधिक सेवा विभाग, पश्चिम वा सम्वन्धीत क्षेत्रीय कार्यालयलाई सम्झनु पर्दछ ।

ट) "प्रचलित सेवा सम्वन्धी प्रचलनहरु (Prudent Utility Practices)" भन्नाले नेपालको परिप्रेक्षयमा विद्युत सेवा सम्वन्धी उपभोक्ताहरुले प्रयोग गर्ने, सामान्यतः अन्तराष्ट्रिय स्तरमा स्वीकार्य हुने विद्युत सेवासंग सम्वन्धीत डिजाईन, निर्माण, परीक्षण, सञ्चालन, मर्मत संभार सम्वन्धी प्रचलन, तरिका, प्रविधि र स्तर सम्झनु पर्दछ ।

२) ***लीज सम्झौताको अवधि र म्याद थप सम्वन्धी व्यवस्था :***

क) यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागु हुनेछ र यसको अवधि १५ वर्ष सम्म रहने छ अर्थात मिति ..... सम्म वहाल रहनेछ

ख) लीज अवधि समाप्त हुन तीन महिना अगावै नै दुवै पक्षको सहमतिमा म्याद थपको प्रक्रिया शुरु गरी सम्झौताको म्याद थप गर्न सकिनेछ ।

३) ***संस्थाले पालना गर्नु पर्ने कार्य सम्वन्धी व्यवस्था :***

क) संस्थाले प्राधिकरणवाट लीजमा लिएको बागलुङ्ग सा.ज.वि.केन्द्रवाट सुरक्षित र भरपर्दो विद्युत उत्पादन गर्नु पर्नेछ ।

ख) लीजमा दिईएको विद्युत केन्द्र जुन उद्देश्यको लागी दिईएको हो सो विपरित हुने गरी संस्थाले प्रयोग गर्न वा गराउन पाउने छैन ।

ग) संस्थाले विद्युत केन्द्रको पुनः निर्माण कार्य गर्दा वा अन्य प्रयोजनको लागी विद्युत केन्द्रलाई धितो जमानी राखि ऋण लिने कार्य गर्न पाउने छैन ।

घ) कुनै कारणवस लीज सम्झौता रद्द भएमा संस्थाले संचालन गरी आएको सा.ज.वि.केन्द्र चालु अवस्थामा संस्थाले प्राधिकरणलाई फिर्ता वुझाउनु पर्नेछ ।

ङ) संस्थाले विद्युत उत्पादन, विक्रि, Interruption को विवरण हरेक महिनामा संस्थाले बुझाउनु पर्नेछ ।

च) प्राधिकरणवाट स्वीकृत भए अनुसार संस्थाले प्लाण्ट, मेशिन तथा उपकरणहरुको मर्मत सम्भार कार्यहरु गरी सो सम्वन्धी विवरण प्रत्येक ३/३ महिनामा विभागमा पेश गरी सो को रेकर्ड संस्थाले राख्नु पर्नेछ ।

छ) ने.वि.प्रा. ले संस्थालाई लिज सम्झौता गरको मितीले १ बर्ष भित्रमा केन्द्र मर्मत सुधार गरि विद्युत उत्पादन गरि सप्लाई दिनु पर्ने छ ।

झ) संस्थाले विद्युत गृहबाट उत्पादन हुने उर्जा ने.वि.प्रा. वाहेक अन्य उपभोक्ताहरुलाई बिक्री गर्न पाउने छैन ।

४) ***साना जल विद्युत केन्द्रको सम्पत्ति सम्वन्धी व्यवस्था :***

क) जल विद्युत केन्द्रको सम्पति भन्नाले विद्युत केन्दमा जडिट टर्वाइन, जेनेरेटर, ट्रान्सफरमर तथा अन्य उपकरणहरु लगायत सिभिल संरचनाहरु, जग्गा जमिन र भवनहरुलाई समेत सम्झनु पर्दछ ।

ख) जल विद्युत केन्द्रको हस्तान्तरण गर्दा स्टोरमा रहेको जिन्सी मौज्दात पार्ट पुर्जा तथा अन्य सामाग्रीहरु लीज संचालकलाई हस्तान्तरण गर्ने छ । सो सामान खर्च गरे वापतको स्टोर मुल्य अनुसार संस्थाले प्राधिकरणलाई रकम वुझाउनु पर्ने छ ।

५) ***विद्युत केन्द्र मर्मत गर्ने कोष सम्वन्धी व्यवस्था :***

यस जल विद्युत केन्द्रको मर्मत संभार गर्न एउटा कोष खडा गरिने छ । जस अनुसार उक्त केन्द्रवाट उत्पादित विद्युत विक्रिको ५%ले हुन आउने रकम कुनै बैंकमा मर्मत तथा संभार कोष खातामा खोली जम्मा गरिने छ । सो खाताको संचालन प्राधिकरणको एक जना अधिकृत कर्मचारी र लीज संचालकको कुनै सदस्यवाट संचालन गरिनेछ ।

६) ***भुक्तानी व्यवस्था :***

क) प्राधिकरणले संस्थावाट खरिद गरेको उर्जाको भुक्तानी मासिक विलिङ्ग अनुसार संस्थालाई दिनेछ ।

ख) प्राधिकरणले बुझाउनु पर्ने रकम संस्थाको नाममा A/C Payee Bank Draft वा संस्थाको बैंक खाता मार्फत भुक्तानी गर्न सकिने छ । Bank Draft वाट भुक्तानी गरेको खण्डमा Bank Draft संस्थामा प्राप्त भएको मितिलाई भुक्तानी मिति मानिनेछ ।

७) ***कर, शुल्क, दस्तुर, रोयल्टी लगायतका रकम सम्वन्धी व्यवस्था :***

क) नेपाल सरकार तथा अन्य निकायलाई कर, शुल्क, दस्तुर, रोयल्टी आदी वुझाउनु पर्ने भए सो बुझाउने दायित्व संस्थाको हुनेछ ।

८) ***बैंक ग्यारेण्टी सम्वन्धी व्यवस्था :***

संस्थाले लीजमा लिएको विद्युत केन्द्रको प्रति कि.वा. रु १५००।-का दरले जम्मा रु ३,००,०००।- एक वर्ष अवधिको बैंक ग्यारेण्टी विभागको नाममा सम्झौतामा हस्ताक्षर हुनु अगावै पेश गर्नु पर्नेछ । सो वैंक ग्यारेण्टी विद्युत गृह संचालनमा नआउदा सम्म नविकरण गर्दै लैजानु पर्नेछ ।

९) ***विद्युत केन्द्र हस्तान्तरण सम्वन्धी व्यवस्था :***

क) लीज सम्झौतामा हस्ताक्षर भएको ३० दिन भित्र विद्युत केन्द्र हस्तान्तरण गरी लिनु दिनु पर्नेछ ।

ख) विद्युत केन्द्र हस्तान्तरण गरी लिनु/दिनु १५ दिन अगाडी विद्युत केन्द्रको सम्पत्ति सम्वन्धी विवरणहरु विभाग र संस्थाको प्रतिनिधिहरुको उपस्थितिमा तयार गरिनेछ ।

१०) ***विद्युत केन्द्र फिर्ता गर्ने सम्वन्धी व्यवस्था :***

क) सम्झौता वमोजिम लीज अवधि समाप्त भए पछि वा कुनै कारणले लीज रद्द भए पछि विद्युत केन्द्र चालु हालतमै (कावु वाहिरको परिस्थितिमा वाहेक) संस्थाले प्राधिकरणलाई फिर्ता बुझाउनु पर्नेछ ।

ख) सम्झौता वमोजिम लीज सम्झौता रद्द भएको अवस्थामा वा लीज अवधि समाप्त भए पछि विद्युत केन्द्रमा केही हानी नोक्सानी भएमा वा दफा २१ वमोजिम कुनै विवाद भएमा सो को समाधानको लागी र संस्थाले प्राधिकरणलाई क्षतिपूर्ति दिनका लागी निम्न वमोजिमको विवाद समाधान तथा मुल्याङ्कन समिति गठन गरिनेछ ।

१)	प्राधिकरणको प्रतिनिधि	१
२)	संस्थाको प्रतिनिधि	१
३)	दुवैलाई मान्य हुने प्राविधिक प्रतिनिधि	१

ग) माथी उल्लेखित मूल्याङ्कन समिति र मूल्याङ्कन सम्वन्धी कार्यमा हुने खर्चहरु दुवै पक्षले वरावर व्यहोर्नु पर्नेछ ।

११) ***विद्युत केन्द्र संचालन संभार तथा मर्मत कार्य सम्वन्धी व्यवस्था :***

क) उक्त केन्द्रको कुनै पनि संरचनाहरु मर्मत संभार तथा नयाँ निर्माण गर्नु परेमा उक्त खर्च हुने रकम प्राधिकरणले व्यहोर्ने छैन सो रकम लीज संचालक संस्थाले व्यहोर्नु पर्नेछ ।

ख) संस्थाले विद्युत केन्द्रको मुख्य संरचनाहरु जस्तै टरवाईन, गर्भनर, जेनेरेटर, कन्ट्रोल प्यानल नहर, हेड बक्स आदि संरचनाहरु प्राधिकरणको स्वीकृत लिई फेर बदल गर्नुपर्नेछ ।

ग) विद्युत केन्द्रमा खरावी भई विद्युत वन्द भएको अवस्थामा संस्थाले प्राधिकरणसंग प्राविधिक जनशक्ति माग गरेमा प्राधिकरणले सम्भव भएसम्म प्राविधिक कर्मचारी उपलब्ध गराउनु पर्नेछ । तर नियमानुसार पाउने टिए.डिए.र खाना वस्नको प्रवन्ध लीज संचालकले व्यहोर्नु पर्नेछ ।

घ) प्राधिकरणले संस्थालाई विद्युत केन्द्र लीजमा संचालन गर्न हस्तान्तरण गरिसकेपछि सि.टि./पि.टि.मिटर सहित Interconnection Point सम्मको विद्युत केन्द्रको संचालन संभार तथा मर्मत सम्वन्धी सम्पुर्ण जिम्मेवारी संस्थाको हुनेछ ।

ङ) विद्युत केन्द्र हस्तान्तरण भएको ४५ दिन भित्र संस्थाले सो विद्युत केन्द्र पुनः सञ्चालनमा लयाउन आवश्यक विस्तृत लागत अनुमान (Detail Cost Estimate) स्वीकृतीको लागि प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

च) संस्थाले पेश गरेको इष्टिमेट वास्तविक भएमा प्राधिकरणले आफ्नो प्राविधिक मापदण्ड अनुसार मर्मत संभार कार्य गर्न स्वीकृत प्रदान गर्ने छ ।

छ) संस्थाले मर्मत सम्भारको मासिक प्रगती विवरण अर्को महिनाको १५ गते सम्ममा विभागमा पेश गर्नु पर्नेछ ।

ज) संस्थाले विद्युत केन्द्रको मेशिन तथा उपकरणहरु टर्वाइन, जेनेरेटर, गर्भनर र कन्ट्रोल पेनलहरुका Spare Parts भरसक निर्माता कम्पनीकै खरिद गर्नु पर्नेछ । सो वमोजिम उपलब्ध गर्न लामो समय लाग्ने भएमा वा उपलब्ध नहुने भएमा अन्यत्रवाट पनि खरिद सकिने छ ।

१२) *कर्मचारीको व्यवस्था :*

क) संस्थाले विद्युत केन्द्र संचालन गर्न आवश्यकता अनुसार कर्मचारीहरुको व्यवस्था आफैले गर्नु पर्नेछ ।

१३) *अनुगमन तथा निरिक्षण :*

क) संस्थाले विद्युत केन्द्रको मर्मत सम्भार भए गरेको कार्यको निरिक्षण तथा अनुगमन गर्न प्राधिकरणवाट प्राविधिक खटाउनु पर्नेछ ।

ख) प्राधिकरणले घटीमा वर्षको एक पटक विद्युत केन्द्रको निरिक्षण गर्नेछ । निरिक्षण गर्दा निम्न कुराहरुलाई विशेष ध्यान दिने छ ।

१) पावरहाउसमा जडित विद्युत उपकरणहरुको अवस्था ।

२) सिभिल संरचनाहरुको अवस्था ।

३) प्रशारण लाईनको अवस्था ।

४) विद्युत आपूर्तिको अवस्था ।

५) विद्युत उत्पादन र विक्रि हिसाव सम्वन्धी आवश्यक तथ्याङ्क व्यवस्थित रुपले राख्नुपर्ने वारे ।

६) सम्झौतामा उल्लेखित शर्तहरुको कार्यान्वयनको अवस्था ।

७) विद्युत सम्वन्धी कामको सुरक्षात्मक व्यवस्था ।

१४) विद्युत उर्जाको दररेट :

क) संस्थाले उत्पादन गरी प्राधिकरणको प्रणालिमा प्राप्त विद्युत उर्जा प्राधिकरणले खरिद गरी लिने छ । खरिद हुने विद्युत उर्जाको दर रु ..... (अक्षरेपी ..... मात्र) प्रति कि.वा.घण्टा कायम गरिएको छ ।

ख) ने.वि.प्रा.वाट संस्थाले खरिद गर्ने विद्युत सम्वन्धमा ११ के.भि.मभ्फौला भोल्टेज स्तरको व्यापारिक वर्गको महसुल दर कायम हुने छ ।

१५) मिटरिङ सम्वन्धी व्यवस्था :

क) संस्थाले प्राधिकरणलाई उपलब्ध गराएको विद्युत शक्ति मापनको निमित्त ११ के.भि. स्वीचयार्डमा प्राधिकरणको मापदण्ड अनुसारको मेन इनर्जी मिटर राख्नेछ र ने.वि.प्रा.ले पनि आफ्नो तर्फवाट चेक इनर्जी मिटर राख्न सक्नेछ । यस्ता दुवै तर्फका इनर्जी मिटरहरु प्रचलित सेवा सम्वन्धी प्रचलनहरु (Prudent Utility Practics) मुताविक राखिने छन् ।

ख) प्रत्येक महिना भुक्तानी भएको पहिलो दिन दिनको १२:०० बजे दुवै पक्षको रोहवरमा मेन तथा चेक मिटरहरुको मिटर रिडिङ्ग गरी तोकिएको ढाँचामा मिटर रिडिङ्ग वितरण तयार गरिनेछ र सोही आधारमा उक्त महिनाको विद्युत उर्जा विक्रिको परिमाण निर्धारण गरिने छ । तर उक्त समयमा प्राधिकरणको प्रतिनिधि अनुपस्थित रहेमा संस्थाको मेन मिटरले देखाएको अंकको आधारमा विद्युत उर्जा विक्रीको परिमाण निर्धारण गरिनेछ ।

ग) कुनै पनि महिनामा मेन तथा चेक मिटरले देखाउने उर्जामा १% (एक प्रतिशत) भन्दा वढी भिन्नता देखिएमा ने.वि.प्रा.को मिटर टेष्टिङ्ग ल्यावले टेष्ट गरि निर्धारण गरे वमोजिम सो महिनाको विलिङ्ग हुने छ । तर १% (एक प्रतिशत) भन्दा कम फरक हुँदाको अवस्थामा मेन मिटरले देखाउने विद्युत उर्जाको आधारमा विलिङ्ग हुनेछ ।

घ) ने.वि.प्रा. वा संस्थाले चाहेको वखत जडित मेन तथा चेक मिटरिङ्ग उपकरणहर टेष्ट गरी आवश्यक्ता अनुसार Calibration गर्न सकिने छ । मेन मिटर Calibration गर्दाको अवधि भरी चेक मिटरले देखाउने विद्युत उर्जाको आधारमा विद्युत उर्जा विक्रिको परिमाण निर्धारण हुनेछ ।

ङ) मिटर टेष्ट गर्दा वा Calibration गर्दा लाग्ने खर्च मेन मिटरको हकमा संस्थाले र चेक मिटरको हकमा ने.वि.प्रा.ले व्यहोर्नु पर्नेछ ।

१६) विद्युत केन्द्रको आम्दानी सम्वन्धी व्यवस्था :

संस्थाले प्रत्येक आ.व.को लेखा परिक्षण रजिष्टर्ड लेखा परिक्षकवाट गराई नाफा नोक्सानको हिसाव, वासताल र अन्य आवश्यक विवरणहरु आर्थिक वर्ष समाप्त भएको छ (६) महिना भित्र विभागमा पेश गर्नु पर्नेछ ।

१७) *विमा सम्वन्धी व्यवस्था :*

संस्थाले विद्युत केन्द्रको सिभिल तथा इलेक्ट्रो-मेकानिकल उपकरणहरु समेतको लागी सम्झौता हुनु भन्दा एक महिना अगावै विमा गरि सक्नु पर्नेछ । विमा पोलिसिको कागजात विमा गरेको ३० दिन भित्र विभागमा पेश गर्नु पर्नेछ । प्रत्येक वर्ष विमा पोलीसी नविकरण गर्नु पर्नेछ र सो को प्रतिलिपी विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

१८) *लीज सम्झौता रद्द हुन सक्ने :*

देहायको मध्ये कुनै एक वा सवै अवस्था विद्यमान भएमा लीज सम्झौता रद्द/फिर्ता गर्न सकिनेछ ।

क) दैवी प्रकोप वा संस्थाको कावु वाहिरको परिस्थितिको कारणवाट वाहेक लगातार ९० (नव्वे) दिन सम्म विद्युत केन्द्रवाट विद्युत उत्पादन नभएमा ।

ख) संस्थाले समय अगावै लीज तोड्न चाहेमा (कारण देखाई साठी दिन अगावै सूचना दिनु पर्ने) ।

ग) संस्थाले सम्झौता भन्दा वाहिर रहेर कार्य गरेमा ।

घ) संस्था कुनै गैर कानूनी कार्यमा संलग्न रहेको पाईएमा ।

ङ) कानूनी रुपले संस्था खारेज भएमा ।

च) संस्थाले लापरवाही गरेको पाईएमा सम्झौता रद्द गर्न सक्नेछ ।

छ) संस्थाले वैंक ग्यारेण्टी नविकरण नगरेमा ।

ज) सम्झौता अनुसार निरिक्षणको क्रममा देखिएका त्रुटी सुधार गर्नु पर्ने कार्यहरु संस्थाले नगरेमा प्रथम पटक सचेत गराउने दोश्रो पटक चेतावनी दिने र तेश्रो पटकमा सम्झौता रद्द गर्न सकिने छ ।

झ) पुनः निर्माण कार्य सम्झौता भएको एक वर्ष भित्र नगरेमा ।

ञ) नेपाल सरकार वा प्राधिकरणको निती परिवर्तन भएको अवस्थामा तिन महिनाको अग्रिम सूचना दिई लीज अवधि अगावै पनि सम्झौता रद्द गर्न सकिनेछ ।

१९) *विवादको निराकरण सम्वन्धी व्यवस्था :*

प्राधिकरण र संस्था विच कुनै किसिमको विवाद उत्पन्न भएमा आपसि सहमतिवाट विवादको समाधान गरिनेछ । आपसि सहमतिवाट समाधान हुन नसके करार ऐन, २०५६ वमोजिम हुनेछ ।

२०) ***संशोधन :***

यस सम्झौतमा उल्लेख भएका दफाहरुको हकमा यसै सम्झौता वमोजिम र सम्झौतामा उल्लेख नभएको शर्तहरु प्रचलित ऐन कानून वमोजिम हुनेछ । यस सम्झौतामा उल्लेख भएको कुनै पनि दफा दुवै पक्ष वीच छलफल गरी आपसी सहमतिद्वारा संशोधन गर्न सकिनेछ ।

२१) ***सम्पर्क ठेगाना :***

ने.वि.प्रा. र संस्था एकले अर्को संग सम्पर्क गर्दा निम्न ठेगानामा सम्पर्क गर्नु पर्नेछ । कुनै कारणवश ठेगाना परिवर्तन भएमा १५ दिन भित्र सो को जानकारी अर्को पक्षलाई दिनु पर्नेछ ।

योजना तथा प्राविधिक सेवा विभाग,	संस्थाको नाम :-
वि.ग्रा.से., पश्चिम, ने.वि.प्रा.	ठेगाना :-
टेलिफोन :- ०१-४१५३१६०	टेलिफोन :-
फ्याक्स :- ०१-४१५३१५९	फ्याक्स :-

यो सम्झौता दुवै पक्षको अधिकार प्राप्त व्यक्तिवाट तल उल्लेख गरिएका साक्षीको रोहवरमा हस्ताक्षर गरी मिति २०६९/ / गतेका दिन नेपाल विद्युत प्राधिकरण, ... कार्यकक्षमा सम्पन्न भएको छ ।

ने.वि.प्रा.को तर्फवाट	**तर्फवाट**
हस्ताक्षर :	**हस्ताक्षर :**
नाम	नाम :
दर्जा:	दर्जा:
रोहवर	**रोहवर**
हस्ताक्षर :	हस्ताक्षर :
नाम :	नाम :
दर्जा:	दर्जा: